सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल

आदेश

मुद्दा नं.०८३-WO-०४९४

काठमाडौं महानगरपालिका वडा नं. ४ बस्ने दानबहादुर कार्की.....निवेदक

विरुद्ध

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार समेत .....विपक्षी

मुद्दाः उत्प्रेषण।

नियमबमोजिम इजलाससमक्ष पेश हुन आएको निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री राधेश्याम अधिकारी, श्री बद्री बहादुर कार्की, श्री सतिसकृष्ण खरेल, श्री पूर्णमान शाक्य, श्री दिनमणी पोखरेल, श्री अमर थापा, श्री ललित बहादुर बस्नेत र श्री केदार प्रसाद कोईराला तथा विद्वान् अधिवक्ताहरु श्री माधव बस्नेत, श्री सुजाता के.सी., श्री टिका बहादुर कुँवर र श्री आभास रेग्मीले गर्नुभएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै कारण भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद तामेल भएका मितिले १५(पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु।

यसमा निवेदकले अन्तरिम आदेश समेत माग गरेको सम्बन्धमा विचार गर्दा, यस सम्बन्धमा दुवैं पक्षलाई राखी यस सम्बन्धी निर्णय समेत अध्ययन गरी सो सम्बन्धमा आदेश गर्नुपर्ने देखिंदा सो प्रयोजनको लागि निवेदकलाई मिति २०८३।०८।०७ को पेसी तारिख तोकी सोको जानकारी विपक्षीहरुलाई दिई यस सम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०७।१८ को निर्णयको प्रमाणित प्रतिलिपि र यस सम्बन्धी अन्य कुनै कागजात फायल भए महान्यायाधिवक्ताको कार्यालय मार्फत झिकाउनू।

साथै प्रस्तुत रिट निवेदनको विषयवस्तुको प्रकृति र संवेदनशीलतालाई विचार गर्दा प्रस्तुत रिट निवेदनको शीघ्र निर्णय गर्नुपर्ने प्रकृतिको देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम पेसीमा अग्राधिकार दिई नियमानुसार पेस गर्नू।

न्यायाधीश

इति सम्वत् २०८३ साल मार्ग २ गते रोज ४ शुभम्.....।